# संघीय संसद
# प्रतिनिधि सभा
चौथो अधिवेशन
## बैठक संख्या - २१
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल जेठ २७ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री कृष्ण बहादुर महराको अध्यक्षतामा बिहान ११:३० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री बालकृष्ण खांणलाई समय दिनुहुँदा उहाँले सरकारले अगाडि बढाएको गुठी संस्थान सम्बन्धी विधेयकको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउन काठमाडौंको माइतीघरमा भएको नागरिकहरुको शान्तिपूर्ण भेलामा सरकारले बर्बरतापूर्ण ढंगले दमन गरेको कारण गुठीयारहरु घाइते भएका छन् भने केही व्यक्तिहरुलाई सरकारले हिरासतमा समेत लिएको छ भन्नुहुँदै धर्म, सँस्कृतिका सम्बन्धमा संविधानले दिएको अधिकारलाई कुण्ठित गर्ने गरी अघि बढाइएको विधेयक फिर्ता गरियोस् र माइतीघरमा भएको घटनामा संलग्नलाई कारवाही गरियोस् भन्दै सरकार यस विषयमा गम्भिर नभएसम्म यो सदनको कारवाही अगाडि बढ्न सक्दैन भन्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० श्री पम्फा भुषाललाई बोल्न समय दिनुहुँदा नेपाली काँग्रेसका मा० सदस्यहरुले पहिला सरकारको जवाफ आउनुपर्ने भन्दै उभिइरहनु भएको अवस्थामा मा० श्री पम्फा भुषालले गुठी विधेयकको विरोधमा माइतीघरमा उत्रिएका गुठीयारहरुमाथि भएको प्रहरी दमन उचित नभएको र सरकारले गुठीयार र सरोकारवालाहरुको भावना बुझेर मात्र विधेयक ल्याओस् भन्नुभयो ।

तत्पश्चात मा० श्री बालकृष्ण खांणले प्रमुख प्रतिपक्षले विभिन्न मुद्दाहरु उठाएर सदनको कारवाही अगाडी नबढेको समयमा मा० श्री पम्फा भुषालले उठाउनु भएको गम्भिर विषयका सम्बन्धमा आफुहरुले सुन्ने मौका नपाएको र प्रमुख प्रतिपक्षीले आफ्ना विषयहरुका सम्बन्धमा सरकारको आधिकारिक धारणा खोजीरहेको बेलामा छलफल गराउन उचित नभएको भनी नियमापत्ति गर्नुभयो ।

त्यसपछि मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्‌मा कुमारी अर्यालले मा० सदस्यहरुले गुठी सम्बन्धी विधेयकका सम्बन्धमा उठाउनु भएको विषयप्रति सरकारको ध्यानाकर्षण भएको भन्नुहुँदै उक्त विधेयकमा समावेश भएका विषयहरुका सम्बन्धमा सदनलाई जानकारी गराउनु भयो ।

तदुपरान्त नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री पुष्पा भुसाल (गौतम)लाई समय दिनुहुँदा उहाँले सदन सञ्चालन गर्ने कार्यविधिका सम्बन्धमा आपत्ति जनाउनु हुँदै प्रमुख प्रतिपक्षी दलले गम्भिर विषय उठाएर सदनमा उभिइरहेको अवस्थामा सरकारले जवाफ नदिइकन सत्तापक्षका सदस्यलाई समय दिनु संसदीय अभ्यास नभएको भन्नुहुँदै मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीले गुठी सम्बन्धी विधेयकका सम्बन्धमा दिनुभएको जवाफ चित्तबुझ्दो नभएको साथै माइतीघरमा गुठीयारहरुमाथि भएको बर्बरतापूर्ण आक्रमणका सम्बन्धमा मा० गृहमन्त्रीले सदनमा उपस्थित भएर जवाफ नदिएसम्म प्रमुख प्रतिपक्षी दलले सदनको कारवाही अगाडि बढाउन सहयोग गर्न सक्दैन भन्नुभएपछि नेपाली काँग्रेसका मा० सदस्यहरु आ-आफ्नो स्थान अगाडि उभिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको गुठी सम्बन्धी विधेयकका सम्बन्धमा मा० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीले जवाफ दिनुभइसकेको, माइतीघरको घटनाका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउँछु, मा० सदस्यहरुले सदनको कारवाही अगाडि बढाउन सहयोग गर्नुहोस् मा० गृहमन्त्रीलाई समेत बैठकमा उपस्थित गराउन आवश्यक पहल हुन्छ भन्नुहुँदा पनि उहाँहरु आ-आफ्नो आशन अगाडि उभिइरहनुभएपछि सम्माननीय सभामुखले बैठक पन्ध्र मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक आजै पन्ध्र मिनेटपछि बस्नेगरी दिनको १२:०० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको आजै पन्ध्र मिनेटको लागि स्थगित भएको बैठक विशेष कारणवश बस्न नसक्ने भएकोले सूचनापत्र - ४ प्रकाशित गरी २०७६ साल जेठ २८ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरि स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव